

# विश्व

**पुनर्मिलन**

उत्तर र दक्षिण कोरिया कोरियाली युद्धमा बिछोडिएका परिवारहरूलाई फेरि भेटाउन तयार भएका छन्।



**बलात्कार**

भारतको झारखण्डमा महिला बेचबिखनविरुद्ध सडक नाटक मञ्चन गरिरहेका ५ जना अभियन्तामाथि सामूहिक बलात्कार भएको छ।




2018, JUN
Saturday
23

विश्व २ मिनेट

**भारत**

## सवारी दुर्घटना

नयाँ दिल्ली, (एजेन्सी)

भारतमा बिहीबार भएको सवारी दुर्घटनामा परी कम्तीमा १५ जना मानिसको मृत्यु भएको छ। भारतको मध्य प्रदेशमा ट्याक्टर र जीप एकआपसमा ठोक्किँदा मारिनेमध्ये ५ जना महिला रहेका छन्। मध्य प्रदेशको राजधानी भोपालदेखि ४ सय ५० किलोमिटर टाढा पर्ने गन्ज रामपुरमा सो दुर्घटना भएको प्रहरीले जनाएको छ। स्थानीय प्रहरी प्रमुख अमित साङघीले सञ्चार माध्यमहरूलाई दिएको जानकारीअनुसार निजी काममा हिँडेका एउटै पारिवारका २० जना सदस्य जीपमा सवार रहेका थिए। विपरीत दिशाबाट आएको ट्याक्टरले सो जिपलाई ठक्कर दिएको थियो।

**अमेरिका**

## निशस्त्रीकरण प्रक्रिया शुरू

वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाले निशस्त्रीकरणको प्रक्रिया शुरु गरिसकेको बताएका छन्। अमेरिका र उत्तर कोरियाबीच यही १२ जुनमा सिंगापुरमा भएको शिखर वार्ताको विषयमा विभिन्न व्यक्तिबाट आलोचनात्मक विचारहरू आइरहेका बेला राष्ट्रपति ट्रम्पले यो प्रतिक्रिया सार्वजनिक गरेका हुन् । कतिपय अमेरिकी जनताले नै सम्झौतामा हस्ताक्षर गरेबमोजिम उत्तर कोरियाले निशस्त्रीकरण गर्न नसक्ने बताउँदै आएका छन्। राष्ट्रपति ट्रम्पले भने मन्त्रिपरिषद्को बैठकमा उत्तर कोरियाले यसअघि नै एउटा आणविक परीक्षण केन्द्र नष्ट गरिसकेको र सो कुरा सार्वजनिक पनि भइसकेको बताएका छन्।

**पाकिस्तान**

## मुसर्रफको राजीनामा

इस्लामाबाद, (एजेन्सी)

पाकिस्तानका पूर्वसैन्य सासक परवेज मुसर्रफले आफ्नो पार्टी अल पाकिस्तान मुस्लिम लिगको अध्यक्ष पदबाट राजीनामा दिएका छन्। सर्वोच्च अदालतले उनीमाथि जुलाइ २५ मा हुन गइरहेको चुनावमा लड्नबाट रोक लगाएपछि उनले राजीनामा दिएका हुन्। ७४ वर्षीय मुसर्रफले पाकिस्तानको चुनाव आयोगलाई पार्टी अध्यक्षबाट राजीनामा दिएको पत्र पठाएका थिए। सर्वोच्च अदालतले पेसीमा उपस्थित नभएकोमा उनलाई नामांकन भर्न अनुमति दिएको अन्तिम फैसला फिर्ता लिएको थियो। मुसर्रफको राजीनामापछि पार्टी महासचिव मुहम्मद अमजदलाई पार्टीका अध्यक्ष बनाइएको छ।

**भारत**

## अश्लिलता हेर्नेको आँखामा

केरल, (एजेन्सी)

मलयालम पत्रिका गृहलक्ष्मीको कभर पृष्ठमा छापिएको मोडल गिलु जोसेफ एक शिशुलाई स्तनपान गराइरहेको तस्वीरलाई लिएर अदालतले दार्शनिक फैसला दिएको छ। उक्त तस्वीर कामुक र अश्लिल भएको उल्लेख गर्दै याचिका दायर गरिएको थियो। केरल उच्च अदालतले अश्लिलता हेर्नेको आँखामा हुने फैसलामा दिएको छ। तस्वीरको क्याप्सनमा केरलका आमाहरू भनिरहेका छन् - ‘कृपया नघुर्नुस्। हामीलाई स्तनपानको आवश्यक छ। अदालतले सुन्दरता पनि हेर्नेको आँखामा नै हुने हो र अश्लिलता पनि हेर्नेको आँखामै हुने हो।’ बताउँदै याचिका खारेज गरेको थियो।

# साउदी अरेबियामा महिलाले सवारी चलाउन पाउने



रियाद, (एजेन्सी)

साउदी अरेबियाका महिलाहरूले अबदेखि आफैं सवारी साधन हाँक्न पाउने भएका छन्। तिनीहरूलाई सरकारले आइतबारदेखि सवारी चलाउन पाउने अनुमति दिइएको शुक्रबार स्थानीय सञ्चार माध्यमले जनाएको छ।

लामो प्रतीक्षापछि साउदी अरेबियाका नरेश सलमानले पहिलो पटक महिलालाई सवारी साधन चलाउन दिने आदेश जारी गरेका हुन्।

महिलाले पनि सवारी साधन आफैं हाँक्न पाउने नियम सन् २०१८ को जुन महिनादेखि लागू हुने गरी राजाको आदेश आएको बताइएको छ।

साउदी प्रेस एजेन्सीका अनुसार मन्त्रालयहरूले त्यससम्बन्धी कार्यको प्रतिवेदन तयार पारेर राजालाई दिएका र आइतबारबाट नै तिनीहरूले नयाँ अधिकार उपभोग गर्न पाउने भएका छन्।

महिलालाई पनि गाडी चलाउने अनुमति दिनुपर्ने माग गर्दै महिला तथा अधिकारवादी संस्थाहरूले लामो समयदेखि निरन्तर अभियान चलाउँदै आएका थिए। त्यसै क्रममा थुप्रै अभियन्तालाई कारावास संजाय पनि भइसकेको छ।

अहिलेसम्म महिलालाई गाडी चलाउने अनुमति नदिने विश्वमा साउदी अरेबिया एक मात्र मुलुक हो। साउदीको विद्यमान कानुनअनुसार त्यहाँ पुरुषले मात्र सवारी चालक अनुमतिपत्र पाउने गरेका थिए। सो कानुनमा संशोधन गरी नरेशले नै विशेष आदेश जारी गरेपछि महिलाहरूले यो अधिकार प्राप्त गरेका हुन्।

यसअघि पनि लुकिछिपी महिलाले गाडी चलाउने गरेको भए पनि सरकारी नीतिको अवज्ञा गरेको आरोपमा महिलाहरूमाथि कडा जरिवाना हुने गर्दथ्यो।

केही महिनाअघि नै सरकारले यो नीति बनाएर जुनदेखि महिलाहरूले सवारी आफै हाँक्न सक्ने बताएको थियो। त्यो नीतिको घोषणा भएपछि यहाँ महिलाका लागि सवारी चालकसम्बन्धी तालिम र सवारी चालक अनुमतिपत्र दिने प्रक्रियाको शुरुआत भएको थियो।

अधिकारीहरूले आइतबार महिलाले सवारी चलाउने कार्यको शुरुआत एक विशेष कार्यक्रममार्फत गरिने जनाएका छन्।

संयुक्त राज्य अमेरिकालगायत विश्वका देशहरूले महिलालाई पनि गाडी चलाउन दिने साउदी नरेशको आदेशको स्वागत गरेका छन्। तिनीहरूले साउदी सरकारको यस कदमलाई मानवअधिकारको पक्षमा एउटा महत्वपूर्ण कदम भएको प्रतिक्रिया दिएका छन्।

# रहस्यमय रोगबाट अर्को एक अमेरिकी राजनीतिज्ञ पीडित

वासिङ्टन, (एजेन्सी)

क्युबामा आफ्नो अर्का
एक राजनीतिज्ञ रहस्यमय रोगबाट ग्रस्त भएको अमेरिकाले जनाएको छ। यो घटनापछि यो रोगबाट पीडित हुने अमेरिकी राजनीतिज्ञको संख्या बढेर २५ पुगेको छ।

विदेश मन्त्रालयकी प्रवक्ता हिथर नर्टले सन् २०१७ अगस्टपछि चिकित्सकीय रूपमा पुष्टि भएको यो हवानाको पहिलो मामिला भएको बताइन्।

क्युबामा यस प्रकारको पहिलो घटना सन् २०१६ को अन्तिम महिनामा देखिएको थियो। त्यसपछि सन् २०१७ मा पनि यस प्रकारको रोगबाट राजनीतिज्ञहरू पीडित भएको घटना आउने क्रम जारी रह्यो। तर चीनमा एक अमेरिकी अधिकार पनि यस प्रकारको संदिग्ध रोगको चेपेटामा आएपछि यो रोग अझ रहस्यमय बनेको हो। ती अधिकारी चीनको ग्वांगझाओमा अमेरिकी वाणिज्य दुताबासमा कार्यरत थिए।

अमेरिकाले शुरुमा यो एक प्रकारको हमला भएको बताएको थियो। अमेरिकाले यस मामिलाको जानकारी हवानालाई मेमा दिएको र क्युबालाई पनि आफ्नो भूमिमा कूटनीतिज्ञहरूको सुरक्षा सुनिश्चित गर्न भनेको हिथरले बताइन्।


अमेरिकी राजनीतिज्ञहरूलाई हवानाबाट बोलाइसकेका थिए। तर उनीहरूको स्वास्थ्य सम्बन्धी परीक्षणका बारेमा कुनै जानकारी दिएको छैन।

न्युयोर्क टाइम्सको समाचारअनुसार अधिकारीहरूलाई यस हमलाको पछाडि के उद्देश्य हुनसक्छ भन्ने अहिलेसम्म थाहा हुन सकेको छैन। यद्यपि यसको जाँच गर्नका लागि गठित कमिटीको संख्यामा भने बढ्दै गइरहेको छ। स्वास्थ्य विभाग यस रोगको कारण पत्ता लगाउनका लागि लगातार काम गरिरहेका छन्।

अमेरिकी विदेश मन्त्रालयले क्युबा र चीनमा आफ्ना कर्मचारीमाथि यस प्रकारको संदिग्ध हमलापछि आफ्ना दर्जनभन्दा बढी राजनीतिज्ञलाई जँचका लागि फिर्ता बोलाइसकेको छ।

संदिग्ध हमलाबाट पीडित कुटनीतिज्ञलाई करिब समान लक्षणका समस्या देखिएका थिए। उनीहरूमा सामान्य टाउको दुखाइ, कानमा अत्यन्त दुखाइ, थकान हुने, मनमा कुरा खेल्नेजस्ता लक्षण देखिएका थिए। गत अप्रिलमा चीनको ग्वाङझाउमा शुरुमा अमेरिकी राजनीतिज्ञहरूले अनाठो आवाज सुनेको गुनासो गरेपछि उनीहरूलाई बोलाइएको थियो।

अमेरिकी जाँचकर्ताहरूले शुरुमा क्युबाका राजनीतिज्ञहरू बिरामी हुनुको कारण ‘सोनिक हमला’ हुन सक्ने आशंका गरेका थिए। तर अहिलेसम्म यसको पुष्टि भएको छैन।




# तस्वीरका कारण क्षमायाचना



नयाँदिल्ली, (एजेन्सी)

उत्तरी भारतीय राज्य उत्तर प्रदेशमा मारिएका १ जना पुरुषलाई ३ जना प्रहरी अधिकारीसामु नै भिडले घिसार्दै गरेको तस्वीरलाई प्रहरीले सार्वजनिक रूपमा शुक्रबार क्षमायाचना गरेका छन्।

सो तस्वीर खिचिएको केही छिनपछि नै कासिम नामक ती पीडितको अस्पताल लाँदै गर्दा मृत्यु भएको थियो। प्रहरीका अनुसार मोटरसाइकल दुर्घटनालाई लिएर भएको सानो विवादमा उनलाई नराम्ररी पिटिएको थियो। राज्य प्रहरीले ट्विटरमार्फत् क्षमायाचना गरेका थिए।

तर बीबीसीसँगको कुराकानीमा राज्य प्रहरीका प्रमुख प्रवक्ता राहुल श्रीवास्तवले भनेका छन्- ‘ती तस्वीरले भ्रम फैलाइरहेका छन्। वास्तवमा प्रहरीले हत्याका लागि सहयोग पुर्‍याएको छैन। तस्वीरमा प्रहरी मुकदर्शकजस्तो देखिए पनि यर्थाथमा अझै पिट्न तम्सिरहेको भिडबाट प्रहरीले ती पुरुषलाई छुटाएको थियो।’ यद्यपि हामीले यस सम्बन्धमा थप अनुसन्धान गराउन लागेका छौं। ती तस्वीरहरू सामाजिक सञ्जालमा भाइरल भएका थिए।

# सूत्रधार धर्मगुरुलाई मृत्युदण्ड

जाकार्ता, (एजेन्सी)

४ जनाको मानिसको ज्यान जाने गरी सन् २०१६ मा इन्डोनेसियाको जाकार्तामा भएको आतंकवादी हमलाका लागि शुक्रबार एकजना धर्मगुरुलाई अदालतले दोषी ठहर्‍याएको छ। अमान अबुररहमानलाई उक्त घटनाको सुत्रधार रहेको प्रमाणित गर्दै मृत्युदण्ड सुनाइएको छ।

स्थानीय एक अतिवादी समूहको धर्मगुरु रहेका उनले इस्लामिक स्टेट (आईएस ) प्रति आफ्नो समर्थन रहेको घोषणा गरेका थिए। सन् २०१६ मा भएको उक्त हमला इन्डोनेसियामा आईएसको पहिलो आक्रमण मानिएको थियो।

४६ वर्षीय अबुररहमान सन् २०१० देखि हिरासतमा रहे पनि उनले जेलबाटै राजधानी जाकार्ताको विभिन्न स्थानमा बम हमलाको योजना तयार गरेको बताइएको छ।




सो हमलामा स्टारबक्स र प्रहरी पोस्ट आक्रमणको निसानामा परेका थिए। त्यसै क्रममा आतंकवादी र सुरक्षाकर्मीबीच मुठभेड हुँदा दुई आक्रमणकारी मारिएका थिए भने अन्य दुई जनाले आत्मघाती विस्फोट गराएका थिए।